# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं. (प्रशासन)/२०७८/०७९
च.नं. ११८०

मितिः २०७८/१०/१४

**विषयः कोभिड १९ विरुद्धको खोप अभियान सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै ।**
**श्री सामुदायिक/संस्थागत विद्यालयहरु सबै ।**
**श्री स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाईहरु सबै ।**

रुकुम (पूर्वी भाग) जिल्लालाई पनि कोभिड-१९ विरुद्धको पूर्ण खोपयुक्त जिल्ला घोषणा गर्न नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राथमिकता रहेको छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनसहितको संक्रमण समेत बढ्दै गइरहेको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि पालिकाअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट खोप सेवा सञ्चालन भइरहेको कुरा विदितै छ ।

यस कार्यालयमा हालसम्म अद्यावधिक तथ्याङ्क अनुसार यस गाउँपालिकाका ३० प्रतिशतभन्दा बढी व्यक्तिहरुले कोभिड-१९ विरुद्धको पहिलो खोप नलगाएको पाइएको छ । उक्त खोप लगाउँदा कोभिड-१९ को संक्रमणबाट बच्न र बचाउन मद्दत पुग्ने भएकाले पालिकाबासीहरुमा खोपको पहुँच सुनिश्चित गर्न खोप कार्ड (खोप लगाएको निश्चित भएको कार्यालयमा रहेको अभिलेख समेत)लाई पालिका अन्तर्गतका सबै कार्यालयबाट प्रवाह गरिने सेवामा अनिवार्य गर्न समेत आवश्यक छ । तसर्थ, अन्तर्गतका सबै वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु तथा स्वास्थ्य संस्थाहरुले तपसिल बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

**तपसिलः**

१) वडा कार्यालय तथा सामुदायिक समूह/सञ्जालमार्फत हालसम्म खोप लगाउन छुटेका व्यक्तिहरुले नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न र सेवा प्राप्त गर्न जाँदा खोप कार्ड अनिवार्य लिएर जान विभिन्न माध्ययमबाट सूचना गर्ने,

२) खोप नलगाएका व्यक्तिलाई कार्यालयबाट सेवा दिनुभन्दा पहिले अनिवार्य खोप लगाउन सेवा प्रदायक कार्यालयले नजिकको स्वास्थ्य संस्थासँग समन्वय र सहजिकरण गरिदिने र स्वास्थ्य संस्थाहरुले तत्काल खोप सेवा दिने,

३) वडा कार्यालयहरुले खोप प्राप्त गरे नगरेको यकिन गर्न अखिलेख राखी नजिकको स्वास्थ्य संस्थासँगको समन्वयमा अभिलेख नियमित अद्यावधी गर्ने र खोप अभिलेखमा नाम भएको तर खोप कार्ड लिन छुटेको वा प्रतिलिपी/फोटो समेतलाई आधार मानी सेवा प्रवाहबाट बञ्चित नगर्ने,

४) सबै सामुदायिक/संस्थागत विद्यालयहरुले विद्यालयमा अध्ययनरत खोप लगाउन योग्य (१२-१८ वर्ष समूहका) विद्यार्थीहरुले खोप लगाए/नलगाएको निश्चित गरी नलगाएको विद्यार्थीलाई विद्यालय/स्वास्थ्य संस्थामा हुने खोप सेवा कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउने ।

२०७८/१०/१४
..............................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत